म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८


म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ३२९ २०८१ कार्तिक २१ गते बुधबार 6 November 2024, Wednesday - पृष्ठ ४ मूल्य रु. ५/-




# जिल्ला प्रशासन कार्यालयमा सेवाग्राहीको उपस्थिति न्यून



*जिल्ला प्रशासनमा सेवाग्राहीको उपस्थिति न्यून ।*

समाज संवाददाता

हेटौंडाः जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सेवाग्राहीहरु न्यून देखिएका छन् । तिहारको बिदा सकिएर मंगलबार पहिलो दिन कार्यालय खुले पनि जिल्ला प्रशासन कार्यालय मकवानपुरमा सेवाग्राहीहरुको संख्या न्यून देखिएको हो ।

कार्तिक १५ गतेबाट तिहारको बिदा भएर सरकारी कार्यालहरु मंगलबारबाट खुलेको हो । तिहारको बिदा हुनुभन्दा पहिलाको तुलनामा जिल्ला प्रशासन कार्यालयबाट सेवा लिन आउने सेवाग्राहीहरुको संख्या कम देखिएको छ । जिल्ला प्रशासन कार्यालयको अन्य शाखाहरुको तुलनामा राष्ट्रिय परिचयपत्र बनाउन आउनेहरुको संख्या बढी देखिएको छ । प्रशासनमा नागरिकता र राहदानी बनाउन आउनेहरुको तुलनामा राष्ट्रिय परीचयपत्र बनाउनेहरुको संख्या बढी देखिएको थियो ।

नागरिकता बनाउन आउनेहरु करिब १५ जना रहेका थिए भने राष्ट्रिय परिचयपत्र बनाउन आउनेहरुको संख्या लगभग ६५ जना थियो । मकवानपुरको विभिन्न ठाउँहरुबाट युवा तथा ज्येष्ठ नागरिकहरु राष्ट्रिय परिचयपत्र बनाउन आएका थिए ।

कार्यालय खुलेको पहिलो दिन राहदानी शाखामा पनि सेवाग्रीहरु न्यून देखिएका थिए । तिहार मनाउनका लागि मकवानपुर जिल्लाका मानिसहरु बाहिरी जिल्लालगायतका ठाउँहरुमा घुम्न गएर फर्केर नआएको कारण राहदानी शाखामा सेवाग्राही कम देखिएको अनुमान गरिएको छ ।

जिल्ला प्रशासन कार्यालयमा नागरिताको प्रतिलिपि, नयाँ नागरिकता, राष्ट्रिय परिचयपत्र, नाबालक परिचयपत्र लिन आउने सेवाग्राही उल्लेख्य हुने गरेका छन् । नागरिकता बनाउनका लागि वडा कार्यालयको सिफारिसहितको निवेदन हुनुपर्ने जिल्ला प्रशासन कार्यालय मकवानपुरले जनाएको छ । नागरिकताका लागि हालसालै खिचिएको तस्वीर हुनुपर्ने जनाइएको छ । राष्ट्रिय परिचयपत्र बनाउन आफ्नो फारममा भएको व्यक्तिगत विवरणलाई राम्रोसँग समावेश गर्नुपर्ने जनाइएको छ । राष्ट्रिय परिचयपत्रको लागि सम्बन्धित व्यक्तिको आवश्यक कागजात हुनुपर्छ ।

# छठ पर्व सुरु

समाज संवाददाता

हेटौंडाः चार दिनसम्म मनाइने छठ पर्व मंगलबारबाट सुरु भएको छ । तिहारको भाइटीकाको दुई दिनपछि छठ पर्व सुरु हुन्छ । तराई मधेशको सबैभन्दा ठूलो पर्व छठ कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म मनाइन्छ ।

छठ पर्व सुरु भएसँगै हेटौंडा-१, राप्ती तटस्थित छठघाटमा छठ पूजाको तयारी तिब्र पारिएको छ । छठ पर्वमा सूर्य पूजाको महाअनुष्ठानका लागि हिन्दू धर्मावलम्बीहरुले विभिन्न नदी तथा जलाशयका किनारमा सरसफाई गर्दै रंगीचंगी बनाउने गर्दछन् ।

छठ पर्वको मुख्य दिन कार्तिक शुक्ल षष्ठीलाई मानिन्छ । छठको अन्तिम दुई दिन विभिन्न नदी, खोला, पोखरी, तलाउ छेउमा सजावट गरी ब्रतालुले जलमा उभिएर कार्तिक शुक्ल षष्ठीको दिन अस्ताइरहेको र सप्तमीको बिहान उदाइरहेको प्रकृतिको संरक्षणकर्ता सूर्यदेवलाई अर्घ दिएर समापन गरिने प्रचलन छ ।

छठको पहिलो दिन मंगलबार 'नहाय-खाय' विधि सम्पन्न गरिएको छ । आफ्नो शरीर शुद्ध गर्न नुहाउने दिनलाई 'नहाय-खाए' भनिन्छ । पहिलो दिन छठका ब्रतालुहरुले नुहाएर 'अरबा अरबाइन' खान्छन् । छठको पहिलो दिन चतुर्थी तिथिबाट ब्रतालुहरुले भोजनमा माछामासु, लसुन, प्याज, कोदो, मुसुरालगायत वस्तु परित्याग गरी ब्रत सुरु गर्दछन् ।

छठको दोस्रो दिन आज बुधबार दिनभर उपवास रही रातिमा खिर बनाई भगवानलाई चढाएर ब्रतालुहरुले खाने परम्परा छ । अरबा चामलबाट बनेको खिर खाने विधिलाई 'खरना' भनिन्छ । छठको दोस्रो दिन पञ्चमी तिथिका दिन गाईको गोबरले लिपपोत गरी अरबा चामलको पिठोबाट तयार पारिएको झोलले भूमि सुशोभित गरी ब्रतालुहरुले दिनभर निर्जला व्रत बस्छन् । राति चन्द्रोदयपछि चन्द्रमालाई खिर अर्पण गरी सोही प्रसाद ग्रहण गर्छन् ।

छठको मुख्य दिन भोलि बिहीबार अस्ताउँदो सूर्यलाई अर्घ दिइन्छ । पोखरी, तलाउ, नदी, कुवालगायतमा तयार पारिएको छठ घाटमा ब्रतालुहरु जम्मा भई सूर्य भगवानको पूजा आराधनासहित अस्ताउँदो सूर्यलाई अर्घ दिइन्छ । छठको अन्तिम दिन कार्तिक शुक्ल सप्तमीको बिहान उदाउँदै गरेको सूर्यलाई अर्घ दिई छठ पर्वको समापन गरिन्छ । बिहानीको अर्घ दिइसकेपछि ब्रतालुहरुले प्रसाद ग्रहण गरी आफ्नो उपवास तोड्छन्, जसलाई 'पारन' भनिन्छ ।

षष्ठी तिथिका दिन मनाइने भएकाले यस पर्वको नाम अपभ्रंसित हुँदै छठी, छठ भएको विश्वास छ । छठी (षष्ठी) मातालाई पुकारेर सूर्यको पूजा आराधना गरिने छठ पर्वमा पुत्र, पति र परिवारको कल्याणको कामना गर्ने गरिन्छ ।

## नेपाल सम्वत्को नयाँ वर्ष सुरु

# हेटौँडामा शुभकामना र्‍याली



*नेपाल सम्वत्को नयाँ वर्षको अवसरमा निकालिएको र्‍यालीमा सहभागीहरु ।*

समाज संवाददाता

हेटौंडाः नेपाल सम्वत् ११४५ को अवसरमा हेटौंडामा शुभकामना र्‍यालीको निकालिएको छ । न्हूँ दँ मूल समारोह समितिले नयाँ वर्ष नेपाल सम्वत्को अवसरमा शुभकामना र्‍याली आयोजना गरिएको हो । न्हूँ दँ मूल समारोह समितिका संयोजक सुन कुमार मानन्धरको सभाध्यक्षता तथा बागमती प्रदेश सभा सदस्य एका लाल श्रेष्ठको प्रमुख आतिथ्यमा र्‍यालीको आयोजना गरिएको हो ।

हेटौंडा-१०, बुद्धचोकबाट सुरु भएको र्‍याली पिपलबोट, संगमचोक, कान्तिराजपथ, स्कूलरोड हुँदै पुनः बुद्धचोक पुगेर सम्पन्न भएको थियो । धिमे बाजा र मौलिक पोशाकमा सहभागी नेवार समुदायसँगै अन्य समुदायका गरी करिब ५ सय जना सहभागी भएका थिए । र्‍यालीमा नेपाल ज्योति परिषद्का ज्योतिष पण्डितहरुको पनि सहभागिता रहेको थियो । र्‍यालीमा नेवारी भाषामा शुभकामनाको नारा समेत लगाइएको थियो ।

र्‍याली कार्यक्रमको उद्घाटन गर्नुहुँदै प्रमुख अतिथि श्रेष्ठले सबैले आफ्नो मौलिक संस्कृतिलाई जगेर्ना गर्न आवश्यक रहेको बताउनुभएको छ । सबैले आफ्नो सभ्यतालाई कायम राखेर संस्कृतिलाई प्रबर्द्धन गर्नुपर्ने उहाँले बताउनुयो । नेपाल सम्वत्को विकास गरेर यसलाई मनाउँदै लैजानुपर्ने उहाँको भनाई छ ।

# पुरुष राष्ट्रिय फुटबल टिममा मकवानपुरका ५ खेलाडी

समाज संवाददाता

हेटौँडाः ताजिकिस्तानमा हुने थ्री नेसन्स कप फुटबलका लागि किरण चेम्जोङको कप्तानीमा २३ सदस्यीय नेपाली टोलीको शुक्रबार घोषणा भएको छ । २३ सदस्यीय राष्ट्रिय टिममा मकवानपुर जिल्लाबाट मात्रै ५ जना समेटिएका छन् । मकवानपुरबाट राष्ट्रिय टिमका नियमित सदस्य अञ्जन विष्ट, आयुष घलान, विमल पाण्डे र छिरिङ लामासँगै यस पटक अन्जल महर्जन पनि राष्ट्रिय टिममा समेटिएका छन् ।

राष्ट्रिय पुरुष फुटबल टोलीका अन्तरिम मुख्य प्रशिक्षक नवीन न्यौपानेले शुक्रबार नेपाली टोलीको घोषणा गर्नुभएको हो । ३६ सदस्यीय बन्द प्रशिक्षणमा रहेका खेलाडीबाट अन्तिम टोलीको घोषणा भएको अखिल नेपाल फुटबल संघ (एन्फा) ले जनाएको छ । थ्री नेसन्स कपमा नेपाल, आयोजक ताजिकिस्तान र अफगानिस्तानको सहभागिता रहनेछ । नेपालले पहिलो खेल कात्तिक २८ गते ताजिकिस्तान र मंसिर १ गते अफगानिस्तानसँग खेल्नेछ ।

नेपाली राष्ट्रिय फुटबल टोलीको गोलकिपरमा किरण चेम्जोङ (कप्तान), दीप कार्की र विशाल सुनार रहेका छन् । डिफेन्डरमा अभिषेक लिम्बु, रोहित चन्द, छिरिङ लामा, विमल पाण्डे, सनिश श्रेष्ठ, अभिषेक वाइबा, रन्दीप पौडेल र अन्जल महर्जन महर्जन रहेका छन् । मिडफिल्डरमा रोहन कार्की, मणि लामा, एरिक विष्ट, अरबिन्द राई, भरत खवास, उत्सव राई, मनिष डाँगी, आयुष घलान र सुमित श्रेष्ठ छन् भने फरवार्डमा जिलेस्पी जङ्ग कार्की, अञ्जन विष्ट र निराजन धामी छानिएका छन् ।

## साहित्यकार पोखेललाई देवकोटा स्मृति सम्मान

# लौँडारी, साह र काफ्लेका कविता उत्कृष्ट



*सम्मान तथा पुरस्कार वितरणपछि खिचिएको सामूहिक तस्वीर ।*

समाज संवाददाता

हेटौंडाः मातृभूति साहित्य समाजका निवर्तमान अध्यक्ष माधव बहादुर पोखेललाई महाकवि लक्ष्मी प्रसाद देवकोटा स्मृति साहित्य सम्मान-२०८१ बाट सम्मान गरिएको छ । गत बिहिबार साहित्य संगम मकवानपुर र युग प्रकाश क्लब नवलपुरको संयुक्त आयोजनामा त्रिभुवन माध्यमिक विद्यालय परिसरमा साहित्यकार पोखेललाई महाकवि लक्ष्मीप्रसाद देवकोटाको ११६औं जन्म जयन्तीको अवसरमा १० हजार रुपैयाँको नगदसहित सम्मान गरिएको हो ।

कविता, नाटक, गीत लेखन, अभिनय तथा नाटक निर्देशनको माध्यमबाट पुर्याएको योग्दानको कदर गर्दै साहित्यकार पोखरेललाई सम्मान सम्पर्ण गरिएको साहित्य संगम मकवानपुरले जनाएको छ । पोखेलका नाटक कृति 'आकांक्षाको चिता' (२०६९), कविता संग्रह 'रित्तिएको गाउँ' (२०७०) र नाटक कृति 'ऐनाभित्रको आकाश' (२०७९) प्रकाशित छ ।

सम्मानपछि साहित्यकार पोखेलले २०६० सालपछि मातृभूमि साहित्य समाजमा जोडिएर साहित्य लेखनको सुरुवात गरेको बताउनुभएको छ । उहाँले लक्ष्मी प्रसाद देवकोटा स्मृति सम्मान प्राप्त गर्दा आफूले लेखन क्षेत्रको जिम्मेवारी बढेको बताउनुभयो । साहित्यकार रमेशमोहन अधिकारीले लक्ष्मीप्रसाद देवकोटाको बारेमा चर्चा गर्नुभएको थियो । उहाँले निबन्धकार, खण्डकाव्यकार र महाकाव्यकार देवकोटाले नेपाल प्रज्ञा प्रतिष्ठानको स्थापना गरेको बताउनुहुन्छ ।

यस्तै जिल्लास्तरीय कविता प्रतियोगितामा सरोज प्रसाद साह, कृष्णा लौंडारी र कृष्ण चन्द्र काफ्लेका कवितालाई उत्कृष्ट घोषित गरिएको छ । विप्लप आचार्यको कवितालाई सान्त्वना घोषित गरिएको छ । कविता प्रतियोगिता उत्कृष्ट हुनेले जनही ३ हजार रुपैयाँ र सान्त्वना हुनेले १ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गरेका छन् । प्रतियोगितामा सहभागी हुन प्राप्त कविता मध्ये साहित्य संगमले १० वटा कविताको संक्षिप्त सूचि तयार पारेर बिहिबार देवकोटाको जन्मयजन्तीको कार्यक्रममा वाचनपछि उत्कृष्ट ३ र सान्त्वना १ छानेको हो ।

युग प्रकाश क्लबका अध्यक्ष दीपक शिवाकोटीको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगरपालिका ११ नम्बर वडाका वडाध्यक्ष जुना दहालको प्रमुख आतिथ्यमा प्रतियोगिताको समापन कार्यक्रम भएको हो । कार्यक्रममा बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंको पनि आतिथ्य रहेको थियो ।

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर
बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।



समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक



# सम्पादकीय

## अनुगमनको प्रभावकारिता

दशैं र तिकारजस्ता नेपालीहरुको महत्वपूर्ण चाडपर्वको समयमा बजारमा विभिन्न प्रकारका अनियमितता देखिने गरेका छन् । चाडपर्वमा किनमेलका लागि ग्राहको चाप बढी हुने भएकाले बजारमा विभिन्न विकृति तथा अनियमितता बढ्ने गर्दछ । दशैं, तिहारको समयमा दैनिक उपभोग्य वस्तुलगायत अन्य सामग्रीको मूल्यवृद्धि हुने, कृत्रिम अभाव सिर्जना गर्ने, मिसावट गर्ने, गुणस्तरहिन वस्तु बिक्री गर्नेलगायत अन्य कालोबजारी मौलाउने गर्दछ । चाडपर्वलाई आम नेपालीले आपसमा सुखदु:ख साटासाट गर्ने अवसरको रुपमा लिने गरेको भए पनि कालोबजारी गर्नेहरुले कमाउने ठूलो मौकाको रुपमा लिने गर्दछन् । चाडपर्वको समयमा नियमनकारी निकायले बजार अनुगमनलाई पनि तिब्रता दिने गर्दछन् । समयसमयमा हुने बजार अनुगमनले उपभोक्ता अधिकारको रक्षा गर्नुका साथै कालोबजारी गर्न खोज्नेलाई निरुत्साहित गर्ने अनुगमन र कारबाही प्रभावकारी नहुँदा उपभोक्ता ठगिने क्रम रोकिन सकेको छैन ।

बजार अनुगमन र कारबाही प्रक्रिया फितलो हुँदा मकवानपुरको मनहरी बजारबाट अनुगमन टोलीले शील गरेको ६० बोरा चामल गायब भएको छ । गत असोज ६ गते मनहरी बजारको मंगलमय ट्रेडर्समा शील गरिएको ६० बोरा चामल हराएको पाइएको हो । शील गरिएको चामलको परीक्षणका लागि नमूना संकलन गर्न जाँदा चामल हराएपछि अनुगमन टोलीले कारबाही गर्न गाउँपालिका कार्यालयलाई लिखित अनुरोध गरेको छ । ओम कैलाश ब्राण्डका ५३ बोरा र लक्ष्मी राइस मिलबाट उत्पादित ७ बोरा चामलको बोरामा लेबल नभेटिएपछि बिक्री वितरण र उपभोग नगर्न भन्दै शील गरिएको थियो । मनहरी गाउँपालिकाको नेतृत्वमा जिल्ला प्रशासन कार्यालय, खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय, इलाका प्रहरी कार्यालय मनहरीको टोली एक महिनाअघि शील गरिएको चामलको नमूना संकलन गर्न जाँदा शील तोडेर चामल गायब पारिएको थाहा भएको हो ।

गाउँपालिकाले शील गरेको लामो समयपछि मात्रै नमूना संकलन गर्न खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालयलाई पत्राचार गर्नुले नियमन र कारबाही प्रक्रिया फितलो रहेको पुष्टि गर्दछ । असोज ६ गते अनुगमन गरेर शील गरिएको चामलको नमूना संकलन गर्न कार्तिक १२ गतेमात्र जानुले गाउँपालिका नै कालोबजारी गर्ने व्यवसायीको संरक्षक बन्न खोजेको आशंका बढाएको छ । शीलबन्दी गरिएको चामल व्यवसायीले उद्योगलाई नै फिर्ता गरेको भने पनि चामल गायब भएको समाचार सार्वजनिक भएपछि चामल गायब पार्ने फर्मलाई मनहरी गाउँपालिका कार्यालयले ७० हजार रुपैयाँ जरिवाना तोकेको थियो । कार्तिक १४ गते गाउँपालिकाले मंगलमय ट्रेडर्सलाई ७० हजार रुपैयाँ जरिवाना तिर्न र २४ घण्टाभित्र हराएको चामल ल्याएर गोदाममा राख्न निर्देशन दिएको थियो । ट्रेडर्सले सोही दिन गाउँपालिका कार्यालयको खातामा ७० हजार रुपैयाँ जरिवाना तिरेको छ ।

नियमनकारी सरकारी निकायले शीलबन्दी गरेर नियन्त्रणमा राखेको चामल व्यवसायीले गायब बनाउनु सामान्य विषय होइन । यस विषयमा थप अनुसन्धान गरेर दोषीलाई प्रभावकारी कारबाही गरिनु पर्छ । नियमविपरित काम गर्ने व्यवसायीलाई गाउँपालिकाले सामान्य जरिवाना तिराएर उन्मुक्ति दिइयो भने भविष्यमा यस्ता अनियमितताले थप प्रश्रय पाउने सम्भावना रहन्छ । उपभोक्ताको स्वास्थ्यमाथि खेलबाड गर्ने व्यवसायीलाई कडा भन्दा कडा कारबाही हुनुपर्छ । अहिले भएका कानुनी व्यवस्था पर्याप्त नभएमा कानुनमा संशोधन गरेर थप कडाई गर्नु आवश्यक छ । बजार नियमनलाई प्रभावकारी बनाउँदै उपभोक्ता हित संरक्षणका लागि नियमनकारी निकायले नियमित बजार अनुगमन गर्नुपर्छ । अुनगमनपछि परीक्षण कार्य चाँडै सम्पन्न गरेर कारबाही प्रक्रियालाई प्रभावकारी बनाउन सकेमा अनुगमनको प्रभावकारिता देखिन्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : पढाई–लेखाई मध्यमकारक रहने समयको योग छ ।
**वृष** : रोकिएको धन हात पर्ने समय योग रहेको छ ।
**मिथुन** : अन्तरर्वाता परीक्षा आदिमा सफलता प्राप्त होला ।
**कर्कट** : गोपनिय विषय र मानसिक अल्झन बढ्न सक्छ ।
**सिंह** : सोच र बुद्धिको उपयोगले काममा परिपूर्णता ।
**कन्या** : व्यवहारमा लचिलोपन ल्याउँदा राम्रो रहने छ ।
**तुला** : चुनौति र संघर्ष पनि बढ्ने समय योग छ ।
**वृश्चिक** : व्यापार–व्यवसाय दुवै मध्यमकारक रहला ।
**धनु** : सोच र बुद्धिको उपयोगले प्रशंसा प्राप्त होला ।
**मकर** : प्रतियोगी र प्रतिद्वन्द्वी माथि विजय प्राप्त होला ।
**कुम्भ** : चुनौतिका काम भएपनि सफलता प्राप्त होला ।
**मीन** : व्यापार–व्यवसाय ठिकै रहने समय योग छ ।

# संस्थाहरुको भुलभुलैयामा फसेको नेपालको कृषि




संस्थाहरूको संरचनामाथि गरेको अनुसन्धान र संस्थाहरूको निर्माण र विकासले नै राज्यलाई समृद्ध बनाउँछ भन्ने खोजका लागि अर्थशास्त्री डारोन एसिमोग्लु, साइमन जोन्सन र जेम्स रोबिन्सनले यस वर्षको अर्थशास्त्रतर्फको नोबेल पुरस्कार प्राप्त गरे ।

राज्य व्यवस्था र संस्था संरचनाको परिवर्तनका लागि करिब एक शताब्दीदेखि प्रत्यक्ष आन्दोलन गर्दै आएका र समृद्धिको महसुस गर्न नसकेका नेपालीको लागि यो अनुसन्धान र पुरस्कार खिलमा गडेको काँडो बिझाए जस्तै भएको छ ।

व्यवस्था र संस्था परिवर्तन गरेर जनताकै शासन व्यवस्था कायम गर्ने विश्वासमा कहिले प्रजातन्त्र त कहिले लोकतन्त्रको लागि लडेका नेपालीको नेतृत्व गर्ने राजनैतिक संस्थाहरूले नै संस्थाहरूको निर्माणभन्दा आत्मकेन्द्रित प्रयोग गरेको कारण हामीले अपेक्षित उपलब्धि हासिल गर्न सकेका छैनौं ।

यही सन्दर्भमा, यो आलेख कसरी कृषि विकासका लागि बनाएका संस्थाहरूले नै नेपालको कृषिलाई ध्वस्त बनाए भन्ने वरपर केन्द्रित छ ।

**कृषि विकास** : नेपालको कृषि विकास गर्ने अड्डाको रुपमा राणा प्रधानमन्त्री चन्द्रशमशेरले १९७८ सालमा कृषि अड्डाको स्थापना गरेसँगै नेपालमा कृषि संरचना सहितको कृषि विकासको औपचारिक सुरुवात भएको मानिन्छ । यससँगै, १९८२ सालमा कृषि प्रदर्शन फार्मको स्थापना गरी कृषि अड्डालाई कृषि विभागको रूपमा विकसित गरियो ।

यी कृषि संरचनाको स्थापनाको उद्देश्य नेपालको कृषि क्षेत्रलाई पश्चिमाको जस्तै एकल र उत्पादनमुखी बनाउने नै थियो । अर्को शब्दमा भन्दा नेपालको कृषि विकास गर्ने थियो । नेपालमा कृषि संरचना निर्माण हुनुअघि नै जंगबहादुर राणाले उत्पादकत्व, व्यापार र शहरी सौन्दर्यलाई केन्द्रमा राखेर जर्सी गाई, चिया र ज्याकाराण्डा ल्याएका थिए । जसले नेपालको कृषिलाई विकसित बनाउनु भनेको उत्पादकत्व बढाउनु हो भन्ने धारणा विकसित गर्न सघायो ।

नेपालमा औपचारिक कृषि विकास गर्ने संरचना खुलेको एक शताब्दी नाघिसकेको छ । यो १०६ वर्षयता नेपालमा कृषि विकासकै लागि भनेर धेरै संरचनाहरू निर्माण भए । कृषिको मात्रै विकास गर्ने भनेर सिंचाइ र खाद्य व्यवस्थाको लागि छुट्टै मन्त्रालय खडा गरेर २०३८ सालमा कृषि मन्त्रालय नै निर्माण भयो ।

देश संघीयतामा गएसँगै सबै प्रदेशमा कृषि मन्त्रालय राखिएको छ । योसँगै कृषि विभाग, निर्देशनालय गरेर नेपालमा कृषि विकासकै लागि धेरै संरचनागत विकास गरिएको छ । तर कृषि उपजको उत्पादन, किसानको उत्प्रेरणा झनै घट्दो छ भने कृषि कर्मबाट विस्थापित किसान र किसानी श्रम विदेशिइरहेको छ ।

नेपालमा कृषि विकासकै लागि संरचना त विकसित भए तर न त संरचनाहरू स्वायत्त भए न एक शताब्दीमा हामीले व्यवसायीकरण र आधुनिकीकरणको नारा नै रट्न छोड्यौं । कृषि विकासका कार्यक्रम निर्माण गर्दा सरकारी निकायहरुले लोकतन्त्रको उपयोग नै गर्न सकेनन् ।

यसकारण जबर्जस्ती अनुदानका कार्यक्रमहरू, रसायन र विषादि आपूर्ति, जोन र सुपरजोन निर्माण गरी लगानी बढाउने जस्ता लोकप्रिय तर वर्षौंदेखि असफल कार्यक्रमहरूले निरन्तरता पाइरहे र ठूलो धनराशि खर्च भइरह्यो ।

सरकारी निकायहरूले नै हाम्रो परम्परागत कृषिलाई निर्वाहमुखी कृषिको दर्जा दिए र आम जनमानसमा एकल सघन खेती नै कृषि क्रान्तिको बाटो हो भन्ने भ्रम स्थापित भयो ।

कृषि कार्यक्रमहरू अलोकतान्त्रिक ढंगले निर्माण त गरियो नै, अर्कोतर्फ संघीयतासँगै संविधानले बोकेको कृषि विकासको विकेन्द्रीकरणको मर्म कार्यान्वयनमा आइपुग्दा कुल्चिइयो । कार्यक्रम निर्माण गर्दा, स्थानीय तहमा सशर्त अनुदान भनेर होस्, बजेट बाँडफाँटमा होस् या कर्मचारीको दरबन्दी हेर्दा होस्, कृषि संरचनाहरु पूरै केन्द्रीकृत भए ।

संघीयतासँगै जिल्ला तहको कृषि कार्यालय हटाउनुपर्ने चर्चा चल्यो । कर्मचारीहरुको आन्दोलनले त्यो सम्भव भएन र कृषि ज्ञान केन्द्र भन्ने संस्था बनाइयो । त्यो कार्यालयको काम नाम अनुसार नभएकाले बागमती प्रदेशले कृषि विकास कार्यालय भनेर नामकरण गरिसकेको छ ।

अन्य प्रदेशमा पनि यी कार्यालयले अनुदान वितरण बाहेक केही गरेको देखिंदैन । जसले स्थानीय तहमा रहेको कृषि शाखा, जिल्लाको कृषि ज्ञान केन्द्र र अन्य सरकारी प्रोजेक्टको कार्यक्रम एउटै, अझभन्दा अनुदान वितरण, लगत संकलनमा सीमित भयो ।

नेपालमा कृषि विकासका लागि भनेर खोलिएका संरचनाले सबैभन्दा धेरै कृषि प्रसार र अनुदान वितरणमा खर्च गरेको देखिन्छ जुन नेपालको कृषि क्षेत्रकै दुर्भाग्य बन्न पुगेको छ । हजारौं वर्षको प्रयोग र सिकाइ विधिबाट विकसित तथा पुस्तान्तरण हुँदै आएको कृषिले काम नगर्ने भाष्य सहित ल्याइएको किसानलाई सिकाउने प्रसार सेवाले नेपालको स्वचालित कृषि क्षेत्र ध्वस्त बनायो ।

बढेको कृषि लागतलाई छोप्न र सायनको अनुदानमा ठूलो धनराशि खर्च भयो । पछिल्लो एक दशकमा रासायनिक मलमा सरकारले गरेको लगानी र कृषि उपजको उत्पादनमा भएको वृद्धिको तथ्यांक हेर्न हो भने अनुदान रकम बराबरको उत्पादन पनि हुनसकेको छैन । जसले पनि पुष्टि गरेको छ, नेपालको कृषि विकासका लागि बनेका संस्थाहरू नै नेपाली कृषि प्रणाली ध्वस्त बनाउन उद्यत छन् र अझै पनि व्यवसायीकरणको रटान छोड्न सकेका छैनन् ।

**कृषि शिक्षा** : नेपालमा विकसित औपचारिक शैक्षिक प्रणाली भारतमा विस्तार भएको ब्रिटिश औपनिवेशिक शैक्षिक प्रणालीको प्रभावबाट सुरु भएको पाइन्छ । नेपालमा २०१४ सालमा पुल्चोकस्थित जगदम्बा भवनमा जेटीए तहको कोर्ष सुरु गरिएको थियो ।

२०२५ सालमा कलेज अफ एग्रिकल्चरको स्थापना भएर उक्त कार्यक्रम दुईवर्षे कृषि आईएस्सी एजीमा रुपान्तरण भयो । करिब चार वर्षपछि उक्त कलेजलाई कृषि तथा पशु विज्ञान अध्ययन संस्थानको रूपमा विकास गरी बीएस्सी एजी तहको पढाइको सुरुआत गरियो ।

योसँगै नेपालमै प्रमाणपत्र भएका कृषि विज्ञहरु उत्पादन हुन सुरु गरे । पछिल्लो समयमा कृषिको छुट्टै विश्वविद्यालय आवश्यक छ भनेर कृषि तथा वन विज्ञान विश्वविद्यालयको निर्माण गरियो । अहिले धेरै विश्वविद्यालयहरुले कृषि स्नातक तथा स्नातकोत्तर अध्यापन गराउन सुरु गरेका छन् ।

कमजोर भौतिक पूर्वाधार, अध्यापन गराउने जनशक्तिको कमी र एउटै प्रकारको पुरानो पाठ्यक्रमको प्रयोगले कृषि अध्ययन गराउने विश्वविद्यालय तथा क्याम्पस बढे पनि कृषि शिक्षाको आकर्षण घट्दै गइरहेको छ । समथर मैदाने कृषिलाई नै कृषि विकास आधारको रूपमा व्याख्या गरिएको पाठ्यक्रम सरसर्ती हेर्दा हरित क्रान्तिको प्रचार सामग्री जस्तै देखिन्छन् ।

थोरै पनि स्थानीय कृषि विशेषताको चेत नभएका पाठ्यक्रमहरुले पढेका जनशक्तिलाई मैदाने, एकल र रसायन एवं विषादी विना उत्पादन सम्भव छैन भन्ने भाष्य स्थापित गर्न सफल भएका छन् । फलतः कृषि स्नातकले दिने प्रसार सेवा नेपालको कृषि र माटो दुवै सपार्न भन्दा बिगार्न उद्यत छ । नेपालको कृषि क्षेत्र राजनीतिको चरम दबाबमा छ, जसले विश्वविद्यालयहरुको साख मात्रै बिगारिर हेको छैन, त्यहाँबाट उत्पादन हुने हजारौं जनशक्तिको मनोविज्ञान, समग्र कृषिलाई हेर्ने दृष्टिकोण र सिंगो राष्ट्रप्रति नै वितृष्णा पैदा गरेको छ ।

अमेरिकामा सफल भएको 'ल्यान्ड ग्रान्ट विश्वविद्यालय' जस्तै विश्वविद्यालय निर्माणको आवश्यकता पूरा गर्ने भन्दै २०६७ सालमा त्रिभुवन विश्वविद्यालयकै स्रोत र जनशक्तिलाई छुट्याएर कृषि तथा वन विज्ञान विश्वविद्यालयको स्थापना गरियो ।

तर कुनै विकासमुखी संस्थाको झैं विश्वविद्यालय ऐनको प्रस्तावनामा नै आधुनिकीकरण गरी ग्रामीणस्तरको आर्थिक र सामाजिक विकास गर्ने कुरा उल्लेख भएको विश्वविद्यालय आफैं आर्थिक विवाद र राजनैतिक झमेलामा पर्दै आइरहेको छ ।

एउटा प्राकृतिक स्रोतसँग सम्बन्धित विषय अध्यापन गराउने विश्वविद्यालयको उद्देश्य प्राज्ञिक जनशक्ति उत्पादन गरेर प्राकृतिक स्रोतको मितव्ययी ढंगबाट उपयोग गर्न प्रोत्साहन गर्ने हुनुपर्ने हो । तर, आफैं आधुनिकीकरण र आर्थिक छलाङको महत्वाकांक्षा रहनु कति सुहाउँदो विषय होला ? त्यसमाथि विश्वविद्यालयमा हुने चरम राजनीति र पदाधिकारीको केन्द्रीकृत मनोविज्ञानले यो विश्वविद्यालयलाई एक प्रयोगशाला बनाएको छ भन्नु अतिशयोक्ति नहोला ।

पछिल्लो समय घिनलाग्दो विद्यार्थी राजनैतिक चपेटामा परेर कृषि तथा वन विज्ञान विश्वविद्यालय बन्द भएको दुई महिना नाघिसकेको छ । प्रायःजसो कृषि क्याम्पस चरम राजनीतिको सिकार भएका छन् । बारम्बार हुने झगडा र बन्दको कारण विद्यार्थीले ठूलो मूल्य चुकाउनुपरेको छ ।

डोरबहादुर विष्टले आफ्नो पुस्तक 'भाग्यवाद र विकास' मा लेखेका छन्- 'किसानहरु कृषि तालिम लिन पाउँदैनन्, जसलाई माटोप्रति लगाव नै छैन, उही कृषि प्राविधिक बन्छ । कृषि शिक्षा सरकारी जागिरको लागि मात्र पढिन्छ, पढाइन्छ ।'

योसँगै करिब पाँच वर्ष अगाडि संसदमाा बोल्दै प्रदीप गिरीले अर्थमन्त्रीलाई समेत आर्थिक वृद्धिदरलाई केन्द्रमा राखेर सामाजिक न्याय नहुने बताएका थिए । तर हाम्रो कृषि अध्यापन गराउने शैक्षिक संस्था माटोप्रति लगाव नभएको व्यक्तिलाई कृषि अध्यापन गराएर र उत्पादकत्वलाई केन्द्रमा राखेर सामाजिक न्याय प्राप्त गर्ने सपना बाँडिरहेका छन् । यस्तो अभ्यास नेपाली कृषिको लागि सकारात्मक संकेत हुँदै होइन ।

**कृषि अनुसन्धान** : कृषि क्षेत्रका समस्याहरुको अध्ययन-अनुसन्धान गरी समाधानका उपाय पत्ता लगाई सर्वसाधारण जनताको आर्थिक स्तर वृद्धि गर्ने उद्देश्य सहित २०४७ सालमा नेपाल कृषि अनुसन्धान परिषद्को स्थापना भएको थियो ।

दाङको घोराही उपमहानगरपालिका-३ स्थित बनखेतका स्थानीय महिला रोपाइँ गर्न धानको बीउ उखेल्दै ।

संघीयतासँगै हरेक प्रदेशमा कृषि अनुसन्धान निर्देशनालय समेत स्थापना गरेर कृषि अनुसन्धानलाई विकेन्द्रीकरण गरी क्षेत्रगत बनाउने घोषणा पनि भएको छ । तर आन्तरिक द्वन्द्व, लथालिङ्ग व्यवस्थापन र अत्यधिक राजनैतिक हस्तक्षेपको कारण कृषि अनुसन्धानको जिम्मेवारी पाएको परिषद् नै धरासायी भएको छ ।

कृषि क्षेत्रका समस्याहरुको अनुसन्धान गरी समाधानका उपाय पत्ता लगाउने प्रस्तावना सहित कृषि अनुसन्धान परिषद् ऐन, २०४८ पारित भयो । तर यही ऐनमा टेकेर निर्माण भएका संस्थाहरुमा अनुसन्धान भने केन्द्रीकृत ढंगबाट सञ्चालन हुँदै आइरहेको छ । नेपालको स्वचालित उत्पादन प्रणालीमाथि न त कुनै अनुसन्धान भएको छ, न अनुसन्धान गर्ने निकायहरुले आवश्यकता नै महसुस गर्दछन् ।

नेपालको अनुसन्धान गर्ने निकायको मुख्य काम नै मुख्य बालीका जातहरु विकास गर्ने र सिफारिस गर्ने रहेको छ । तर नेपालमा भारतीय र चिनियाँ जातहरुको प्रयोग बढिरहेको छ जसले हाम्रो अनुसन्धानको औचित्य माथि नै ठूलो प्रश्न उठाएको छ ।

वर्षौंदेखि वैज्ञानिक र प्राविधिकको पदपूर्ति हुन नसक्दा धेरैजसो संस्थाहरु कर्मचारीविहीन छन् । हरेक पटक कार्यकारी निर्देशकको नियुक्तिमा अनावश्यक राजनैतिक हस्तक्षेप स्पष्ट देखिन्छ ।

बढ्दो कृषि लागत, न्यून प्रतिफल, जलवायु परिवर्तनको जोखिम, बिग्रँदो माटोको गुणस्तर, बिग्रँदो किसानको स्वास्थ्य र रसायन र विषादी सहितको उत्पादन नेपालको समकालीन कृषिका मुख्य समस्याहरु हुन् । तर परपरसम्म हाम्रा अनुसन्धानका लागि निर्माण गरिएका संरचनाले यस्ता समस्याहरुलाई प्राथमिकतामा राखेका छैनन् ।

एकातर्फ सरकारले वर्षेनि धेरै रकम अनुसन्धानका संरचनाको चालु खर्च व्यवस्थापनको लागि खन्याइरहेको छ भने अर्कोतर्फ च्याउसरी उम्रिएका कृषि अध्यापन गराउने क्याम्पसमा स्रोतको कमि मुख्य समस्या देखाइन्छ । मनलाग्दी संरचनाको निर्माण र दीर्घकालीन योजनाको कमिले हाम्रो अनुसन्धान निकाय नहुँदा पनि नेपालको कृषिमा तात्विक फरक पर्दैन भन्ने भाष्य निर्माण हुनु नै डरलाग्दो विषय हो ।

**नोबेल पुरस्कार विजेताबाट हाम्रा कृषि संस्थाले के सिक्ने ?** : सरसर्ती हेर्दा नेपालमा भएका कृषिका संरचनागत विकासहरुले नेपाल सरकारको चालु खर्च मात्र वृद्धि भएको देखिन्छ । कृषि विकासको खम्बा मानिने शिक्षा, अनुसन्धान र प्रसारका तीनै वटा खम्बाले समकालीन समस्या पहिचान र दीर्घकालीन विकासको कार्यदिशा बनाउन सकेको देखिंदैन ।

विश्वविद्यालयमा प्रधानमन्त्री कुलपति र शिक्षामन्त्री सह-कुलपति रहने र उपकुलपतिको राजनैतिक नियुक्ति हुने व्यवस्था नै हामीमा विद्यमान केन्द्रीयता पुष्टि गर्न पर्याप्त छन् । कृषि विकासका संरचना र अनुसन्धानका निकायमा पनि विभिन्न परिषद् र समितिमा मन्त्रीदेखि प्रधानमन्त्रीको भूमिका राखिएको छ । यसले नियुक्ति र कार्यसम्पादनमा बारबार नेतृत्वको एकाधिकार हावी भएको देख्न सकिन्छ ।

हाम्रा संस्थाहरुले लोकतन्त्रको महसुस नै गर्न सकेका छैनन् । नेतृत्व चयनमा सरकारमा भएको दलको एकाधिकार र संस्थाभित्र संस्थाको नेतृत्वको एकाधिकार प्रत्यक्ष महसुस गर्न सकिन्छ । संविधानमा कृषिका नीति निर्माण बाहेकका सबै कार्यक्रम प्रदेश र स्थानीय तहको कार्यक्षेत्रमा राखियो तर बजेट र जनशक्ति अहिलेसम्म विकेन्द्रीकरण गर्न सकिएको छैन । समग्र कृषि क्षेत्रको विकास गर्ने संस्थाहरूको अवस्था सुधार नगरी जति नै लगानी गरे पनि कृषि क्षेत्रको विकास हुने अवस्था देखिंदैन ।

नोबेल पुरस्कार विजेताहरूले कुनै पनि देशको आर्थिक उन्नति हुनको लागि

...बाँकी पृष्ठ ३ मा

# हेटौंडामा छठ पूजाको तयारी अन्तिम चरणमा



समाज संवाददाता

हेटौंडाः हेटौंडाको राप्ती नदीको किनारमा छठ पूजाको तयारी अन्तिम चरणमा पुगेको छ। छठ पर्वको मुख्य दिन बिहीबार हुने छठ पूजाका लागि पूजास्थल तयारी अन्तिम चरणमा पुगेको हो ।

छठ पूजाका लागि राप्ती नदी किनारमा सिंगारिएको संयुक्त मधेशी सेवा समाज नेपाल जिल्ला कार्य समिति मकवानपुरका सचिव नन्दलाल दासले जानकारी दिनुभएको छ। विभिन्न स्थानीय निकायहरुको सहयोगमा हुन लागेको छठ पूजाका लागि राप्ती नदीको किनारमा साढे ६ सय फिटको पूजा स्टल पाण्डलहरु निर्माण गरिएको सचिव दासले बताउनुभयो।

सन्तानको प्राप्ति, दीर्घायु, आरोग्य र मनोकामना पूर्ण गर्नका छठ पर्व मनाउने गरिएको छ । यस पर्वमा षष्ठी माता र सूर्यको पूजा गरिन्छ । यी दुईवटै देवी देउतालाई प्रशन्न पार्नका लागि कार्तिक शुक्ल षष्ठी उत्तम तिथि भएकाले नै यो पर्व सोही तिथिमा मनाइने गरिएको उल्लेख गरिएको छ ।

जिल्ला प्रशासन कार्यालय मकवानपुरको स्वीकृति एव्म जिल्ला प्रहरी कार्यालय मकवानपुर, जिल्ला ट्राफिक कार्यालय मकवानपुर, सामुदायिक प्रहरी कार्यालय र सशस्त्र प्रहरीसँगको समन्वयमा शान्ति सुरक्षाको व्यवस्था मिलाइएको सचिव दासले बताउनुभयो । छठ पूजाको समयमा आकस्मिक रुपमा मानिसहरुमा हुनसक्ने स्वास्थ्य समस्यालाई मध्यनजर गरेर निःशुल्क स्वास्थ्य शिविर र एम्बुलेन्सको व्यवस्था गरिएको उहाँले बताउनुभयो ।

सचिव दासका अनुसार छठ पूजाको लागि नदी किनारमा तयारी अन्तिम चरण पुगेको छ । बालबालिकाका लागि मेला, बाल उद्यानको व्यवस्था, घाटमा खट्ने भक्तजन, स्वयम्सेवक तथा स्काउटका पदाधिकारीहरुका लागि निःशुल्क पानी र चियापानको व्यवस्था गरिएको छ । टेन्ट व्यवस्थापन, विद्युत् व्यवस्थापन, घाट व्यवस्थापन, खानेपानी व्यवस्थापन, मूर्ति व्यवस्थापनका लागि फरकफरक व्यवस्थापन समिति बनाइएको उहाँले बताउनुभयो । रातभर जागा बस्ने ब्रतालुहरुका लागि पनि व्यवस्थापन समिति गठन गरेको उहाँले बताउनुभयो ।

कार्तिक १२ गतेबाट छठ पूजाको लागि राप्ती नदी किनारमा तयारी सुरु गरेको बताउनुहुँदै सचिव दासले भन्नुभयो- 'पूजाको सम्पूर्ण तयारी पूरा भएपछि तोरण (झण्डी पटाका) सजाइन्छ । घाटलाई सजाउनका लागि स्थानीय टोल विकास संस्थाका पदाधिकारीहरुको समन्वय रहनेछ।' पूजाको तयारीमा लगभग ३० जनाको सहयोग समिति बनाइएको सचिव दासले जानकारी दिनुभयो। प्रहरीको सचिवालय, स्वास्थ्य शिविरको स्टल, बत्ती सजाउने कामहरु भइरहेको र बाटो बनाउने, झण्डा सजाउने, पण्डाल निर्माण गर्ने कामहरु पूरा भइसकेको उहाँले बताउनुभयो ।

बिहीबार बिहानसम्म छठ पूजाका लागि आवश्यक सम्पूर्ण तयारी पूरा हुने उहाँको भनाइ छ । विगतमा जस्तै यस वर्ष पनि ५० देखि ७० हजारको हाराहारीमा दर्शालुहरु आउने अनुमान रहेको उहाँले बताउनुभयो । मकवानपुरको हेटौंडा उपमहानगरपालिका आसपासका र अन्य ठाउँहरुका दर्शालुहरु आउने अनुमान गरिएको उहाँको भनाइ छ । अहिलेको समयमा मधेशी समाजका मानिसहरु सँगसँगै पूजा गर्ने गरेको कारणले पहाडी समुदायका मानिसहरुको पनि उपस्थिति रहने उहाँको अनुमान रहेको छ। छठ पर्व मधेश सामुदायका मानिसहरुको मात्र नभई हिन्दू धर्मावलम्बीहरुको मुख्य पर्व रहेको उहाँको भनाइ छ ।

कार्तिक शुक्ल चतुर्थीको दिनदेखि सुरु भएर यो पर्व कार्तिक शुक्ल सप्तमी तिथिका दिन सम्पन्न हुने उहाँले बताउनुभयो । यो पर्वमा खासगरी सूर्यदेवको उपासना गरिने र हिन्दू धर्ममा सूर्य पूजाको परम्परा वौद्धिक कालदेखि नै रहँदै आएको उहाँले बताउनुभयो । उज्यालो दिने, न्यानो तथा गर्मी दिने, रोगबाट जोगाउने सूर्य नै भएकाले कार्तिक शुक्ल चतुर्थीदेखि सप्तमीसम्म सूर्यको आराधना गर्दै छठ मनाउने गरिन्छ । चामल, पिठोको ठेकुवा, कसार, विभिन्न मिठाई, उखु, अदुवालगायतका प्रसाद बाँसको टोकरी वा सुप्पोमा राखेर नजिकको जलाशयमा लगेर अस्ताउँदो सूर्यलाई अर्घ दिने गरिन्छ । छठ पर्वमा महिला व्रत पनि बस्ने गर्छन् । दुःख र दरिद्रताबाट मुक्ति पाइन्छ भन्ने जनविश्वासका साथ महिलाहरू व्रत बस्ने चलन रहेको सचिव दासले जानकारी दिनुभयो ।

## संस्थाहरुको भुलभुलैयामा...

त्यहाँ रहेका संस्थाहरूको पूर्ण विकास हुन आवश्यक रहेको बताएका छन्। सर्वप्रथम संस्थागत संरचनाको विकास हुनु र ती संस्थाहरूले लोकतान्त्रिक निर्णय गर्न सक्ने क्षमता र वातावरणको निर्माण हुनु नै संस्थाहरुको पूर्ण विकास हुनु हो भन्ने उनीहरूको तर्क छ ।

नेपालमा पनि कृषि विकासको लागि संरचना र कर्मचारी निर्माण नभएको हैन तर त्यो लोकतान्त्रिक संस्था बन्न सकेको छैन। यदि हामी हाम्रा संरचनालाई संस्थाको रुपमा पूर्ण विकास नगर्ने हो भने जति नै लगानी या प्राथमिकतामा कृषिलाई राखे पनि कृषि क्षेत्र स्वचालित तथा आकर्षणको क्षेत्र नबन्ने निश्चितप्रायः छ ।

*(स्रोतः अनलाईनखबर)*

# शिवम् सिमेन्ट उद्योगका मजदुरको मृत्यु

समाज संवाददाता

हेटौंडाः हेटौंडा-१७, हटियास्थित शिवम् सिमेन्ट उद्योगमा कार्यरत मजदुरको मृत्यु भएको छ। ४ दिनदेखि ज्वरो आएर हेटौंडा अस्पतालमा उपचाररत भारतको ईलाहावादका २८ वर्षीय डाक्टर वनबासीको कात्तिक १३ गते मंगलबार राती साढे १ बजेको समयमा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ। ठेकदार मार्फत मजदुरी गर्दै आएका वनबासीको मृत्युको विषयमा प्रहरीले अनुसन्धान गरिरहेको जनाएको छ । वनबासीको शव हेटौंडा अस्पतालमै रहेको प्रहरीले जानकारी दिएको छ।

# आमाको हत्या आरोपमा युवक पक्राउ

काठमाडौंः काभ्रेको रोशी गाउँपालिका-३, भञ्ज्याङ गाउँमा एक महिलाको हत्या आरोपमा उनकै छोरा पक्राउ परेका छन्। १६ कात्तिकको दिउँसो सवा ४ बजेतिर भञ्ज्याङ गाउँमा साइँलीकाजी भनिने ६९ वर्षीया माइली लामा आफ्नै घरको भान्साकोठामा मृत अवस्थामा भेटिएकी थिइन्। प्रहरी चौकी खहरेपाँगु र इलाका प्रहरी कार्यालय मंगलटारको टोलीले घटनाको अनुसन्धान सुरु गरेको थियो ।

प्रारम्भिक अनुसन्धानको क्रममा साइँलीकाजीको हत्या भएको हुनसक्ने भन्दै तालिम प्राप्त कुकुरमार्फत स्निफिङसमेत गराइएको थियो। सो क्रममा साइँलीकाजीको हत्यामा उनकै छोरा २८ वर्षका फुर्साङको संलग्नता रहेको संकेत पाएपछि उनलाई पक्राउ गरिएको जिल्ला प्रहरी कार्यालय काभ्रेका डीएसपी मीनबहादुर घलेले बताए।

फुर्साङलाई प्रहरीले १८ गते उनकै घरबाट पक्राउ गरेको हो । प्रारम्भिक सोधपुछका क्रममा फुर्साङले आमाको कानको सुनको रिङ र नगदको लोभले हत्या गरेको खुलेको घलेले बताए । उनीविरुद्ध कर्तव्य ज्यानको कसुरमा अनुसन्धानका लागि ७ दिन हिरासतमा राख्न जिल्ला अदालत काभ्रेबाट अनुमति लिएको प्रहरीले जनाएको छ।

*(स्रोतः अनलाइनखबर)*

# भित्र्याउन लागेको धानमा बेमौसमी वर्षाको मार

काठमाडौंः सोमबार साँझ परेको बेमौसमी वर्षाले नेपालका केही स्थानमा भित्र्याउन लागेको धानमा क्षति पुगेको छ। बेमौसमी वर्षाले काठमाडौं उपत्यका, मकवानपुर, गण्डकी प्रदेश, लुम्बिनी प्रदेशका जिल्लामा भित्र्याउने बेलाको धानमा क्षति पुगेको हो ।

बाँकेका फाँटहरूमा काटेर खेतमै सुकाएको धानबालीमा क्षति पुगेको किसानहरूले बताएका छन् । भित्र्याउन ठिक्क परेको धानको बाला वर्षाले भिजाएको छ भने काट्न ठिक्क परेको धान खेतमा नै झारिदिएको उनीहरूको भनाइ छ ।

वर्ष दिनसम्म खाने धानबाली वर्षाले भिजाएर क्षति पुऱ्याएको नेपालगञ्ज-१७, परसपुरका किसान रामसुरत बर्माले बताए। दुई बिघा खेतमा लगाएको मसिनो जातको धान काटेर स्याहार्ने बेला गए रातिको वर्षाले भिजाएर ठूलो क्षति भएको उनको भनाइ छ ।

कृषि ज्ञान केन्द्र बाँकेका कार्यालय प्रमुख वरिष्ठ कृषि अर्थविज्ञ विनोद घिमिरेले बेमौसमी वर्षाले काटेको धानमा ठूलो क्षति पुऱ्याएको बताए । 'अचानक परेको पानीले अन्य बालीमा असर नपुगे पनि काटेको धानलाई क्षति पुऱ्याएको छ, के कति क्षति भयो भन्ने तथ्यांक संकलनमा लागेका छौं,' उनले भने, 'बाँकेमा छिटो पाक्ने धान किसानले स्याहारिसकेका छन्, ढिलो पाक्ने धान भित्र्याउने बेला क्षति पुगेको छ।'

उनले छिटो पाक्ने धान रोपेका बाँकेका अधिकांश किसानले धान स्याहारेर गहुँ, तोरी खेतीका लागि खेत तयारी गरिरहेको जानकारी दिए । करिब ६० प्रतिशत बढी किसानले धानबाली भित्र्याइसकेको अनुमान गरिएको घिमिरेले बताए । बाँकेमा यो वर्ष धान उत्पादन बढ्ने अनुमान गरिएकामा बेमौसमी वर्षाले धानबालीमा क्षति पुऱ्याएको छ ।

काठमाडौं उपत्यकाको भक्तपुर क्षेत्रमा पनि बेमौसमी वर्षाले धान किसानलाई समस्या पारेको छ। भक्तपुरमा चिसो मौसम हुने भएकाले असारमा रोपेको धान कात्तिक अन्तिमतिर मात्रै भित्र्याउने गरिन्छ। 'धान पाकेर झुलेको बेला पानीले ठटाउँदा धेरै धान झर्छ, न त्यो टिप्न मिल्छ न सोहोर्न, अब कतिपय ठाउँमा परालमात्रै रहेको छ,' भक्तपुरका किसान वीरेन्द्र सैंजु भन्छन् । कतिपय किसानले काटेर सुकाएको धान भिज्दा पनि क्षति भएको उनले सुनाए। भक्तपुरमा धान र गहुँ खेती हुने गरेको छ भने कतिपयले तरकारी खेती गर्ने गरेका छन्।

मकवानपुरको पहाडी क्षेत्रमा रहेको धानमा पनि क्षति पुगेको छ । 'फाँटतिर कतिपयले धान काटेर राखेका थिए, कान्ला-पाखातिरको धान पनि पाकिसकेको थियो, ह्वार्र आएको पानीले झाऱ्यो । भिजाएको धान पनि टुक्रेर अब कनिकामात्रै निस्किन्छ। एक्कासि आएको पानीले क्षति पुगेको छ,' कैलाश गाउँपालिका-८ का रामचन्द्र बर्तौलाले भने ।

गुल्मीको छल्दी खोला फाँटमा काटेर झार्न सुकाएर राखेको धानलाई एक्कासि आएको वर्षाले भिजाउँदा किसान मर्माहत भएका छन् । 'पर्सि बिटा लगाउने कुरा थियो, तर हिजो पानीले ठटायो । ३० मुरी धान भित्र्याउने ठाउँमा २० मुरी पनि नहुने भयो, त्यो पनि भिजेको भएर टुक्रेर कनिकामात्रै आउँछ,' स्थानीय विष्णुमाया अर्यालले भनिन् ।

यी त केही ठाउँका उदाहरण मात्रै हुन्। यसरी बेमौसमी वर्षाका कारण क्षति भएको धानको यकिन विवरण सरकारका कुनै निकायसँग छैन ।

## ठूलो क्षति भएको छैनः कृषि मन्त्रालय

कृषि मन्त्रालयका प्रवक्ता डा. हरिबहादुर केसीले एक्कासि आएको वर्षाले केही क्षेत्रको धान क्षति भए पनि ठूलो नभएको बताए। 'गत असोज दोस्रो साता आएको वर्षाको क्षतिको विवरण हामीसँग छ तर हिजोअस्ति केहि ठाउँमा आएको विवरण छैन, ठूलो क्षति भएको थाहा छैन,' केसीले भने। उनले गण्डकी प्रदेश लगायत स्थानमा भने काटेर सुकाएको धानमा क्षति पुगेको बताए ।

*(स्रोतः अनलाइनखबर)*


## सूचना सूचना

यस अर्बुद रोग निवारण संस्थाको २०८१ कार्तिक ६ गते बसेको बैठकको निर्णय अनुसार यस संस्था को २२ औ बार्षिक अधिबेशन निम्न तपसिल को मिति र स्थानमा हुने भएको ले यस संस्थाका आदरणीय आजीवन सदस्य ज्यूहरु र सल्लाहकार ज्यूहरुलाई यसै सूचनालाई आधार मानेर उपस्थित भईदिनुहुन हार्दिक अनुरोध गर्दछौ !

--- मिति : २०८१ मंसिर १ गते शनिबार !
--- स्थान: होटल ईन लिडो , मेनरोड
--- समय: बिहान ७ : ३० बजे !

माधब अधिकारी
अध्यक्ष
9851047224
अर्बुद रोग निवारण संस्था !!

## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१६)

बागमती गाउँपालिका झुरझुरे मकवानपुरको मिति २०८१/०७/०९ को च.नं. ५९९ को प्राप्त गा.पा. अनुदान शिक्षक पदपूर्तिका लागि अनुमति पत्रानुसार र यस विद्यालयको मिति २०८१/०७/१३ गते बसेको वि.व्य स. को बैठकको निर्णयअनुसार यस विद्यालयमा नि.मा.वि तहको (अंग्रेजी) विषयको गा.पा. अनुदान कोटामा खुल्ला प्रतिस्पर्धाद्वारा पदपूर्ति गर्नुपर्ने भएकोले इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रितपूर्वक दरखास्त पेश गर्नुहुन यो सूचना प्रकाशित गरिन्छ ।

बिज्ञापन नः ०१/०८१/०८२
तह : निमावि अंग्रेजी
सख्या : १ (एक)
दरबन्दी प्रकार : गा.पा अनुदान कोटा
नियुक्तिको प्रकार : करार
योग्यता : मुख्य विषय अंग्रेजी लिई +१२ वा सो सरह गरेको
उमेर : १८ बर्ष पुरा भई ४० ननाघेको
तलबभत्ता : स्थानीय सरकारले तोके बमोजिम
निवेदन दस्तुर : १,५००/- (पन्ध्र सय)
दरखास्त दिने अन्तिम मिति : २०८१/०७/३० गते बेलुका ४:०० सम्म
परीक्षाको किसिम : लिखित/अन्तरर्वाता
दरखास्त बुझाउने स्थान : श्री सीता आवि ठाडिखोला

**आवश्यक कागजातहरू**
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि २/२ थान
- नागरिकताको प्रतिलिपि २/२ थान
- हस्तलिखित निवेदन २/२ थान फाइलिङ हुनुपर्ने
- अध्यापन अनुमतिपत्र भएकालाई विशेष प्राथमिकता

थप जानकारीको लागि : ९८४०७२५०७० (अध्यक्ष), ९८४५५३७६७६ (प्रअ)

**प्रधानाध्यापक**
**श्री सीता आधारभूत विद्यालय**
**बागमती गा.पा.-६, ठाडीखोला, मकवानपुर**

## शिक्षक आवश्यकता

(प्रथम पटक प्रकाशित मितिः २०८१/०७/१२)

बागमती गाउँपालिकाको कार्यालय झुरझुरे मकवानपुरको मिति-०८१/०७/०९ गते प.सं. ५९८ को प्राप्त शिक्षक नियुक्ति विज्ञापन अनुमतिपत्र र मिति २०८१/०७/१२ गते विद्यालयमा बसेको वि.व्य.स.को बैठकको निर्णय अनुसार गा.पा.अनुदान नि.मा.वि. (विज्ञान विषय) शिक्षक पदपूर्ति गर्न विज्ञापन गर्ने भएकोले तपशिलमा उल्लिखित योग्यता पुगेका इच्छुक नेपाली नागरिकबाट सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र)दिन भित्र रितपूर्वक दरखास्त आव्हान गरिन्छ ।

**तपशिल**
**(विज्ञापन नम्बर : ०१/२०८१/२०८२**
पद : नि.मा.वि. बिज्ञान शिक्षक (गा.पा.अनुदान)
पद संख्या : १ (एक)
आवश्यक शैक्षिक योग्यता : विज्ञान मुल विषय लिई प्रविणता प्रमाणपत्र तह उतीर्ण गरेको ।
तलब भत्ता : स्थानीय सरकारले तोके बमोजिम ।
उमेर : १८ वर्ष पुरा भई ४० बर्ष ननाघेको ।
दरखास्त दस्तुर : रु. १,०००/-
दरखास्त दिने अन्तिम मिति : २०८१/०७/२६ गते विद्यालय समयभित्र ।
सम्पर्क मिति : २०८१/०७/२७
परीक्षा हुने मिति : सम्पर्क मितिमा तोकिने छ ।
परीक्षाको किमिम : लिखित, अन्तरर्वाता र आवश्यक परेमा प्रयोगात्मक ।
आवश्यक कागजातहरु : नेपाली नागरिकता प्रमाण-पत्रको प्रतिलिपि २ प्रति, सम्पुर्ण शैक्षिक प्रमाणपत्रको प्रतिलिपि २/२ प्रति, अध्यापन अनुमति प्रमाण-पत्रको प्रतिलिपि २ प्रति (अनिवार्य नभएको), छनौटको समयमा सक्कल प्रमाणपत्र अनिवार्य ।

**सम्पर्क मो.नं.: प्र.अ.-९८४५२९०८५०, अध्यक्ष-९८६१५४२३२७, स.प्र.अ.-९८६१५३९२२४**

(**नोट** : विद्यालय बीचमा केहि दिन बिदा हुने भएको छ, तर बिदाको समयमा पनि रितपुर्वक दरखास्त Gmail मा पनि आबेदन पठाउन सकिने छ । janahitbasicschoolratomate22@gmail.com, ratnamagar344@gmail.com

**प्रधानाध्यापक**
**श्री जनहित आधारभूत विद्यालय**
**बागमती गा.पा.-६, रातोमाटे, मकवानपुर**

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं

# बिनय बाबु स्मृति भलिबलको उपाधि साविक विजेता मंगलेश्वरलाई



पुरस्कार वितरण गरिँदै ।

समाज संवाददाता

हेटौंडा: मकवानपुरको थाहा नगरपालिकामा भएको बिनय बाबु स्मृति भलिबल प्रतियोगिताको उपाधि मंगलेश्वर युवा क्लबले जितेको छ। फाइनल खेलमा आयोजक बिनय बाबु स्मृति प्रतिष्ठान 'ए' लाई ३-२ को सेटले हराउँदै मंगलेश्वरले उपाधि जितेको हो । बिनय बाबु स्मृति प्रतिष्ठानको आयोजनामा शनिबार थाहा नगरपालिका-२, थानाबजारमा सम्पन्न भएको फाइनल खेलमा मंगलेश्वरले आयोजक 'ए' लाई २५-२७, २६-२४, २५-२०, १८-२५ र १५-१० पराजित गरेको हो ।

यस्तै, सशक्त युवा क्लब तृतीय भएको छ । मनहरी गाउँपालिकालाई हराउँदै सशक्त युवा क्लब तेस्रो भएको हो। २ नम्बर वडा कार्यालयको सहयोगमा सञ्चालन भएको प्रतियोगितामा १७ वटा टिमहरुको सहभागिता रहेको थियो । प्रतिष्ठानले तिहारको अवसर पारेर ६ वर्षदेखि प्रतियोगिता आयोजना गर्दै आएको छ। प्रतियोगिताको उपाधि विजेता टिमले ५५ हजार ५ सय ५५ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता टिमले २८ हजार ८ सय ८८ रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

यस्तै, तृतीय हुने टिमले ११ हजार १ सय ११ रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगिताको उत्कृष्ट खेलाडी घोषित हुँदै मंगलेश्वरका खेलाडी बलराम सुवेदीले ३ हजार रुपैयाँ प्राप्त गरेका छन् । यस्तै मंगलेश्वरका उत्सव आले मगर उत्कृष्ट सेटर, उत्कृष्ट प्रशिक्षक योग स्याङ्तान, उत्कृष्ट स्पाइकर आयोजक 'ए' का रमेश थिङ, उत्कृष्ट ब्लकर आयोजकका सुजल कार्की र उत्कृष्ट लिब्रो सुजल कपाली घोषित हुँदै जनही २ हजार रुपैयाँ प्राप्त गरेका छन्।

प्रष्ठिानका अध्यक्ष शंकर कार्कीको सभाध्यक्षमा तथा थाहा नगरका नगर प्रमुख विष्णु बहादुर विष्टको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो । कार्यक्रममा नगर उपप्रमुख भरत गोपालीको पनि आतिथ्य रहेको थियो ।

# जिल्लास्तरीय मेयर कप स्नुकरको उपाधि कर्माचार्यलाई




समाज संवाददाता

हेटौंडा: हेटौंडामा भएको प्रथम संस्करणको जिल्लास्तरीय मेयर कप स्नुकर प्रतियोगिताको उपाधि आयोजक एस-वान स्नुकर क्लबका खेलाडी प्रयास कर्माचार्यले जित्नु भएको छ । बुधबार हेटौंडा-१० स्थित एस-वान स्नुकर क्लबमा सम्पन्न भएको प्रतियोगिताको फाइनल खेलमा लियम स्नुकर क्लबका खेलाडी जिनेश श्रेष्ठलाई ५-३ को सेटले हराउँदै एस-वान स्नुकर क्लबका खेलाडी प्रयास कर्माचार्यले उपाधि जत्नु भएको हो। यस्तै प्रतियोगितामा रोयल स्नुकर हाउसको खेलाडी विनय लामा र लियम स्नुकर हाउसको मिथुन लामा तृतीय हुनुभएको छ ।

उपाधिसँगै कर्माचार्यले ६० हजार रुपैयाँ नगद, शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नुभएको छ भने उपविजेता श्रेष्ठले ३० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्राप्त गर्नुभएको छ । यस्तै तृतीय स्थान हासिल गर्ने विनय र मिथुनले ६/६ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नुभएको छ । बुद्ध स्नुकर हाउसका खेलाडी विवेक डङ्गोल राइजिङ प्लेयर घोषित हुँदै ५ हजार रुपैयाँसहित प्रमाणपत्र प्राप्त गर्नुभएको छ । प्रतियोगिताभर उत्कृष्ट खेल प्रदर्शन गर्न सफल रोयल स्नुकर हाउसका खेलाडी राजकुमार गोलेले पनि ट्रफी र प्रमाणपत्र प्राप्त गर्नुभएको छ ।

ज्येष्ठ अनुभवी खेलाडी बुद्ध स्नुकर हाउसका खेलाडी दीपक बहादुर तामाङ र ४३/४३ स्कोर बनाएर हाई स्कोरर हुन सफल हुनु भएको जिनेश र प्रयासले प्रमाणपत्र प्राप्त गर्नुभएको छ । प्रतियोगिताको सेमीफाइनल चरणको खेल वेष्ट अफ ७ मा खेलाइएको थियो भने फाइनल खेल वेष्ट अफ ९ मा खेलाइएको थियो । बुद्ध स्नुकर हाउसका सञ्चालक सञ्जु लामाको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगरपालिका ४ नम्बर वडा सदस्य जनरल श्रेष्ठको प्रमुख आतिथ्यमा पुरस्कार वितरण कार्यक्रम भएको हो ।

पुरस्कार वितरण कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै वडा सदस्य जनरल श्रेष्ठले समाज र राष्ट्र निर्माणका लागि खेलकुद प्रतियोगिताले ठूलो भूमिका रहने बताउनुभएको छ । फुटबल, भलिबल लगायतका खेलमा जस्तै स्नुकरलाई पनि प्राथमिकता दिएर बजेट लगानी गरेमा खेलाडीहरु राष्ट्रियस्तरसम्म पुग्न सक्ने उहाँले धारणा राख्नुभयो । स्नुकर खेलमा आवद्ध भएका पदाधिकारीहरुले स्नुकरको समिति बनाएर यसको विकासका लागि पहल गर्नुपर्ने उहाँले सुझाव दिनुभयो ।

हेटौंडा उपमहानगरपालिकाको मुख्य सहयोगमा तथा एस-वान स्नुकर क्लब र बुद्ध स्नुकर हाउसको आयोजना भएको सम्पन्न भएको प्रतियोगितामा ४४ जनाको सहभागिता रहेको थियो। पुरस्कार वितरण समारोहमा मकवानपुर जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष वेश खड्की र नगर खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष चन्द्र शाहीको विशिष्ठ आतिथ्य रहेको थियो । प्रतियोगिताको समापन कार्यक्रममा एस-वान स्नुकर क्लबका सञ्चालक सुनील खड्गी, बिक्रम शाही, बुद्ध स्नुकर हाउसको सञ्चालक पूर्णभक्त लामा, स्कूलरोड युवा क्लबका संस्थापक अध्यक्ष समेन्द्र लामा, स्नूकर हाउसका सञ्चालकहरू यादव श्रेष्ठ, प्रताप लामा, अमर लामा, नितेश खन्डेलवाल, उर्गेन लामाको उपस्थिति रहेको थियो ।

# सातौं संस्करणको फुटसलको उपाधि वडा नम्बर ३ ले जित्यो

समाज संवाददाता

हेटौंडा: सातौं संस्करणको मकवानपुरगढी गाउँपालिकास्तरीय रनिङ्गशिल्ड फुटसल प्रतियोगिताको उपाधिका वडा नम्बर ३ ले जीतेको छ। गत बुधबार मकवानपुरगढी गाउँपालिका-३ स्थित भानु माविको मिनिपिच (फुटसल) मा उपाधिका लागि भएको प्रतिस्पधामा प्रतिभा युवा क्लब ए लाई १-० गोलअन्तरले पराजित गर्दै वडा नम्बर ३ ले उपाधि जितेको हो ।

बुधबार बिहान भएको खेलमा प्रतिभा युवा क्लब 'बी'लाई ४-० गोलअन्तरले पराजित गर्दै वडा नम्बर ३ फाइनल प्रवेश गरेको थियो भने नेस्कला एफसीलाई ७-० गोलअन्तरले पराजीत गर्दै प्रतिभा युवा क्लब 'ए' फाइनल प्रवेश गरेको हो। खेल मकवानपुरगढी गाउँपालिकाको प्रायोजन तथा प्रतिभा युवा क्लबको आयोजना र मकवानपुर खेलकुद विकास समितिको समन्वयमा आइतबारबाट सुरु भएको हो। प्रतियोगितामा प्रथम हुने वडा नम्बर ३ ले ८० हजार रुपैयाँसहित शिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेता प्रतिभा युवा क्लब 'ए' ५० हजार रुपैयाँसहित सिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगितामा सर्वाधिक गोलकर्तामा प्रतिभा युवा क्लबका विवश थिङ, उत्कृष्ट खेलाडी वडा नम्बर ३ का आशिष भोम्जन र उकृष्ट गोलरक्षक प्रतिभा युवा क्लबका दयाराम घिसिङ घोषित हुनु भएको छ। तीनै जनालाई मायाको चिनोका साथै ट्रफि प्रदान गरिएको छ।

# स्कुटरको ठक्करबाट गंगाको मृत्यु

समाज संवाददाता

हेटौंडा: मदन भण्डारी लोकमार्गको हेटौंडा-सिन्धुली सडकखण्डअन्तर्गत मकवानपुरको बागमती गाउँपालिका-४, हरामिटोलमा स्कुटरको ठक्करबाट एक महिलाको मृत्यु भएको छ। सोमबार दिउँसो ४ बजेर २० मिनेटको समयमा हेटौंडाबाट सिन्धुलीतर्फ जाँदै गरेको बा प्र ०३-००४ प ७२७६ नम्बरको स्कुटरले बागमती गाउँपालिका-४ की ४८ वर्षीया गंगा पहरी र उनका नाति ५ वर्षीय अनुप पहरीलाई ठक्कर दिएको थियो ।

स्कुटरको ठक्करबाट गम्भीर घाइते भएकी गंगा पहरीको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ । स्कुटरको ठक्करबाट गम्भीर घाइते भएकी गंगाको उपचारको क्रममा हेटौंडास्थित चुरेहिल हस्पिटलमा मृत्यु भएको प्रहरीले जनाएको छ। यस्तै अनुप पहरीको उपचार भइरहेको छ । प्रहरीले ठक्कर दिने स्कुटर र चालक हेटौंडा-६, चौघडाका २६ वर्षीय अनुप कुमार क्षेत्रीलाई नियन्त्रणमा लिएको छ ।

समृद्ध समाज
राष्ट्रिय दैनिक
www.samriddhasamaj.com.np

# टोलस्तरीय भलिबल प्रतियोगिताको उपाधि आयोजकलाई

समाज संवाददाता

हेटौंडा: हेटौंडा-११ मा भएको टोलस्तरीय वडाध्यक्ष कप रनिङ शिल्ड पुरुष भलिबल प्रतियोगिताको उपाधि आयोजक दुम्सीडाँडा टोल विकास संस्था 'सी' ले जितेको छ। बुधबार भएको फाइनल खेलमा गणेशस्थान टोल विकास संस्थालाई ३-० को सोझो सेटले हराउँदै आयोजक दुम्सीडाँडा 'सी' ले उपाधि जितेको हो ।

गणेशस्थानलाई आयोजकले क्रमशः २५-१३, २५-१० र २५-१२ सेटले पराजित गरेको हो । उपाधि जितेसँगै आयोजकले टिमले ३० हजार रुपैयाँ नगदसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ भने उपविजेताले २० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ। प्रतियोगितामा तृतीय हुने दुम्सीडाँडा 'बी' टिमले १० हजार रुपैयाँसहित मेडल तथा प्रमाणपत्र प्राप्त गरेको छ।

प्रतियोगिताको सर्वोकृष्ट खेलाडी आयोजक दुम्सीडाँडा 'सी' का निश्चल राना मगरल घोषित भए । उत्कृष्ट डिफेन्स विजेता टिमको संगीत परियार, उज्ज्वल राना मगर उत्कृष्ट ब्लगर, सुशान्त आले मगरल उत्कृष्ट सेटर र उत्कृष्ट स्पाइकर गणेशस्थान टोल विकास संस्थाका नवीन थापा मगर घोषित भएका छन्। आयोजक टोलका अध्यक्ष शिव प्रसाद अगस्तीको सभाध्यक्षमा तथा वडाध्यक्ष जुना दहालको प्रमुख आतिथ्यमा पुरस्कार वितरण समारोह भएको हो ।

# एकैदिन ४ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडा: बागमती प्रदेशको ३ जिल्लामा विभिन्न घटनामा एकैदिन ४ जनाको मृत्यु भएको भएको छ। प्रदेशको सिन्धुली, चितवन र सिन्धुपाल्चोक जिल्लामा एकैदिन ४ जनाको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ। सिन्धुली जिल्लाको दुधौली नगरपालिका-१४, कालीखोलामा करेन्ट लागेर एक जना पुरुषको मृत्यु भएको छ। मृत्यु हुनेमा २६ वर्षीय नवराज खड्का रहेको प्रहरीले जानकारी दिएको छ।

सोमबार दिउँसो ३ बजेर ३० मिनेटको समयमा खड्का आफ्नै घरमा पानी तान्ने मोटरको स्विच थिच्ने क्रममा करेन्ट लागी घाइते भएका थिए । घाइते खड्कालाई उपचारका लागि उदयपुर कटारी अस्पताल लगिएकोमा उपचारको क्रममा ३ बजेर ५० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जानकारी दिएको छ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, रामनगरमा बसले मोटरसाइकललाई ठक्कर दिँदा मोटरसाइकल चालकको मृत्यु भएको छ। मृत्यु हुनेमा भरतपुर महानगरपालिका-१४ का ५४ वर्षीय धनप्रसाद भट्ट रहेको प्रहरीले जानकारी दिएको छ । सोमबार साँझ ६ बजेर २० मिनेटको समयमा परेवाश्वरी पेट्रोल पम्प अगाडि मुग्लिनबाट लोथरतर्फ जाँदै गरेको बा ३ ख ९०७६ नम्बरको बसले विपरीत दिशाबाट जाँदै गरेको ना ५९ प १७८५ नम्बरको मोटर साइकललाई ठक्कर दिँदा भट्ट घाइते भएका थिए । घाइते भट्टलाई उपचारका लागि भरतपुर अस्पताल लगिएकोमा साँझ ६ बजेर ५० मिनेटको समयमा डाक्टरले मृत घोषणा गरेको प्रहरीले जानकारी दिएको छ। बस चालक चितवन जिल्लाको राप्ती नगरपालिका-२, गड्यौलीका ३६ वर्षीय काजी बोगटीलाई प्रहरीले नियन्त्रणमा लिएको छ।

सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका-१, चिउरीखर्कमा एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा काभ्रे पाँचखाल नगरपालिका-४, लामीडाँडाका ३४ वर्षीय बुद्ध सुनार रहेको प्रहरीले जानकारी दिएको छ। सुनार कात्तिक ७ गतेदेखि सिन्धुपाल्चोकको २ किलोबाट हराएका थिए। सुनारलाई खोजी गर्दै जाँदा सोमबार बेलुका ९ बजेको समयमा चिउरीखर्कस्थित खोल्सामा मृत अवस्थामा फेला परेका थिए ।

सिन्धुपाल्चोकको सुनकोशी गाउँपालिका-४, डाँडागाउमा सुतेको ठाउँमा एक पुरुष मृत फेला परेका छन्। सोमबार दिउँसो २ बजेको समयमा ५० वर्षीय सोम बहादुर बम्जन मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। बम्जन बिहान ८ बजेदेखि आफ्नै घरको पिढीमा सुतेको अवस्थामा मृत फेला परेका थिए। अनुसन्धानका क्रममा बम्जनले अत्याधिक मादक पदार्थ सेवन गर्ने गरेको पाइएको प्रहरीले जनाएको छ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी
हेटौंडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७




बचत गरौ', उद्यमशील बनौं
बचत गरौं,सुनौलो भविष्यको आधार निर्माण गरौं
- आफ्नो आम्दानीको केही प्रतिशत रकम बचत गरौं,
- त्यस्तो बचत भविष्यमा आपतकालिन तथा ठूला खर्चहरु टार्न,
- व्यापार व्यवसाय प्रारम्भ गर्न,
- सन्ततिका लागि शिक्षा, स्वास्थ्य लगायतका काममा प्रयोग गर्न,
- स्वावलम्बी र आत्मनिर्भर बन्न मदत गर्छ ।
त्यसैले अनावश्यक खर्च नगरौं, बचत भएको र कमलाई उद्यमशीलतामा लगाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ